# ४९ औं कार्यपालिका बैठकको प्रस्तावहरु

बैठक मिति: २०७८।२।३

१. नगर सभाको तैयारी सम्बन्धी ।

२. कोभिड-१९ नियन्त्रणको लागि गरिएका प्रयासको समिक्षा सम्बन्धी ।

३. स्थानीय पाठ्यकमको मस्यौदा स्वीकृत गर्ने सम्बन्धी ।

४. फेवातालको स्रोत नदीमा बनेको ड्यामहरु मर्मत संभार गर्ने सम्बन्धी सानिसा आयोजनाको संझौता सम्बन्धी ।

५. सानिसा समितिमा विज्ञको रुपमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक सम्बन्धी ।

६. वडा नं. २७ को वडा कार्यालय भवनको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धी ।

७. लेखनाथ क्षेत्रका तालहरुको मापदण्ड सम्बन्धमा अध्ययन गर्न गठीत समितिको प्रतिबेदन सम्बन्धी ।

८. कोभिड आईसोलसनको लागि आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धी ।

९. पर्यटन तालिम केन्द्र स्थापनाको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी ।

१०. विविध ।

**पोखरा महानगरपालिका नगर कार्यपालिकाको मिति २०७६।१२।१९ को बैठक र मिति २०७७।८।४ को बैठकबाट अधिकार प्राप्त कार्यपालिकाको समेत अधिकार प्राप्त समितिको मिति २०७८/०२/०३ गतेको बैठकका निर्णयहरु-**

निर्णय नं.१.

आगामी नगर सभा बजेट अधिबेसन समेत भएकाले नगर सभाको प्रयोजनको लागि अनुसूचि १ बमोजिमको विषयगत समितिहरु गठन गर्ने ।

निर्णय नं. २

आगामी नगर सभामा प्रस्तुत हुने आ. ०७८/०७९ को वजेट नीति तथा कार्यक्रमको लागि मार्गदर्शन र सिलिङ २०७८ जेष्ठ महिनाको पहिलो हप्तामा वडा र महाशाखाहरुमा पठाउने ।

निर्णय नं. ३

आगामी आ.व. ०७८/०७९ का वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा त्रिवर्षिय योजनालाई आधार मान्न वडा कार्यालय तथा महाशाखालाई आग्रह गर्ने ।

निर्णय नं.४.

सा.नि.सा. सूचना नं. ०६/०७७/०७८ फेवातालको ४ वटा स्रोत नदीमा बनेको सिल्ट्रसन ड्यामहरुको मर्मत संभार सम्बन्धी सानिसा आयोजनाको विषयमा नगर कार्यपालिकाको मिति २०७७/१२/२७ को निर्णय बमोजिम बार्ता गरि सानिसा समितिको मिति २०७८/०२/०१ को निर्णयानुसार पेश भएको दुबै पक्ष बीचको सहमतिको मस्यौदा अनुमोदन गरियो । उक्त आयोजनाको सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो । महानगरपालिका संग संझौता गरी सिल्टेसन ड्याम निर्माण गरेको निर्माण व्यवसायीको कानूनी दायित्व यस संझौताले प्रभावित नहुने तर्फ संझौता गर्दा विशेष ध्यान दिने।सहमतिको खाका **अनुसूचि-२ मा** संलग्न छ ।

निर्णय नं.५

कोरोना महामारीको कारण विधालयहरुले संचालन गर्ने शैक्षिक सत्र २०७७ का वार्षिक परीक्षाहरु विधार्थीको भौतिक उपस्थितिमा स्वास्थ्य मापदण्ड पुरा गरि संचालन गर्न सम्भव नदेखिएकाले कक्षा १ देखि ९ (कक्षा ८ बाहेक) सम्मका परीक्षाहरु विद्यालयले यस वर्ष पूर्व संचालन गरिएका आन्तरिक परीक्षाहरु त्रैमासिक, अर्ध वार्षिक परीक्षा एवं अन्य आन्तरिक मुल्यांकनका आधारमा मूल्यांकन गरी नतीजा प्रकाशन सम्बन्धी कार्य जेष्ठ मसान्त सम्म सम्पन्न गर्ने । साथै शैक्षिक सत्र २०७८ को शैक्षिक सत्रको भर्ना आषाढ १ गते बाट मात्र शुरुवात गर्ने गरी विधालयहरुलाई निर्देशन दिने ।

निर्णय नं.६

कक्षा ८ को परीक्षा सम्बन्धमा नगर स्तरीय परीक्षा सन्चालन एवं समन्वय समितिको बैठकको निर्णय पश्चात सोही बमोजिम हुने गरी सूचना प्रकाशन गर्ने ।

निर्णय नं.७

शिक्षा महाशाखाबाट तयार गरी पेश भएको कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम, २०७७ लाई स्वीकृति प्रदान गर्ने र आगामी शैक्षिक सत्र २०७८ बाट महानगरका सम्पूर्ण विधालयहरुमा क्रमश लागु गर्ने ।

निर्णय नं.८

कोभिड १९ को संक्रमणको अवस्था त्यसको रोकथाम, नियन्त्रण र संक्रमितहरुको उपचार लगायतका कार्यमा महानगरपालिकाबाट भएका प्रयासको विषयमा छलफल तथा समिक्षा गरियो । साथै दोस्रो लहरको कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रण र संक्रमितहरुको उपचारको व्यवस्थाको लागि तपसिल बमोजिमको कार्यहरु तत्काल गर्ने ।

(क) महानगरपालिकाबाट संचालित आईसोलेसनलाई व्यवस्थित तबरले संचालन गर्न **"कोभिड-१९ संक्रमितहरुको व्यवस्थापन र उपचारका लागि आईसोलेसन वार्ड संचालन कार्यविधि-२०७७"** स्वीकृत गर्ने । कार्यविधि अनूसुचि-३ बमोजिम रहको छ ।

(ख) कोभिड संक्रमित भै मृत्यु भएका मानिसको शव व्यवस्थापन गर्ने गरिएको स्थानाभाव भएको र साविकमा शव व्यवस्थापन गरिएको ठाउंमा दुर्गन्ध फैलिएको गुनासो प्राप्त भएको हुंदा उक्त शव व्यवस्थापन गरिएको ठाउंमा १०० ट्रिप माटो लगेर पुर्ने एक जना कर्मचारी खटाउने र त्यसको लागि लाग्ने इन्धन, खाजा खर्च र Incentive कोभिड कोषबाट व्यहोर्ने ।

(ग) पोखरा महानगरपालिकाको वडा नं. २७ (साविक लेखनाथ नगरपालिका भवन) मा शिशुवा अस्पतालको Covid Ward संचालन गर्ने । यस प्रयोजनको लागि आवश्यक पूर्वाधार निर्माण, मर्मत संभार/वडा नं. २७ को स्थानान्तर, जनशक्ति व्यवस्थापन तथा पदपूर्ति लगायत आवश्यक तैयारी युद्धस्तरमा गरी जनप्रतिनिधिहरुले पद वहाली गरेको ज्येष्ठ १४ गतेबाट उक्त Isolation/Covid Ward मा सेवा आरम्भ गर्ने व्यवस्था मिलाउन महानगरपालिकाको सम्पूर्ण संयन्त्र परिचालन गर्ने निर्णय गरियो ।

(घ) कोभिड वार्ड संचालनको लागि आवश्यक खरिद प्रक्रिया एवं जनशक्ति तथा औषधि आपूर्तिको प्रक्रिया विशेष अवस्थाको प्रावधान वमोजिम सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

(ङ) कोभिड वार्ड संचालनको लागि आवश्यक स्वास्थ्य सामाग्री तथा यन्त्र उपकरण खरिद गर्न लायन्स क्लव पोखरालाई आग्रह गर्ने तथा वाञ्छित सहयोग प्राप्त भएमा अस्पताल व्यवस्थापनमा समेत प्रतिनिधित्व हुने गरी समझदारी पत्र (MOU) गर्ने ।

(च) Isolation / Covid Ward संचालनको समग्र नेतृत्व प्रदान गर्न श्री पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठान संग एक जना वरिष्ठ चिकित्सकलाई कामकाजको लागि खटाउन अनुरोध गर्ने ।

(छ) Isolation/Covid Ward को सेवा शुल्क नेपाल सरकारले तोके बमोजिम शोधभर्ना माग गर्ने गरी तथा सेवाग्राहीले तिर्नु पर्ने शुल्कहरु तथा औषधिहरुको मुल्य शिशुवा अस्पतालले तथा संक्रामक रोग निवारण अस्पतालले तोकेको दरमा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ज) पोखरा १६ मा रहेको कोमागाने मातृशिशु मितेरी अस्पताललाई कोभिड अस्पतालको रुपमा विकास गर्न जि.स.स.कास्कीबाट प्राप्त १५ (पन्ध्र) लाख रुपैयामा यस महानगरपालिकाबाट रु १० (दश) लाख थप गरी रु २५ (पच्चिस) लाख अनुदान उपलब्ध गराउने ।

(झ) शव व्यवस्थापनको लागि परिचालित थप १ थान सवारी साधनको लागि आवश्यक पर्ने खर्च सम्बन्धी कोभिड रोकथाम मूल समितिको निर्णय अनुमोदन गरियो ।

(ञ) साविक लेखनाथ नगरपालिकाको भवनमा बन्ने कोभिड आईसोलेसन अस्पतालको लागि तपसिल बमोजिमको जनशक्ति दरबन्दी स्वीकृत गर्ने । साथै मौजुदा जनशक्तिबाट पदपूर्ति नहुने पदहरु स्वास्थ्य महाशाखाले ३ महिनाको करार गर्ने गरी पदपूर्ति गर्ने ।

| क. सं | पद विवरण | सेवा तह | आवश्यक संख्या | मौज्दातबाट खटाउने | पदपूर्ति गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विशेषज्ञ चिकित्सक | स्वास्थ्य सेवा नवौं तह | २ | - | १ | १ जना प.क्षे.अ.बाट आउने |
| २ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | नवौं तह | १ | - | १ | |
| ३ | मेडिकल अधिकृत | स्वास्थ्य आठौं | ४ | - | ४ | |
| ४ | नर्सिङ्ग अधिकृत | सातौं तह | २ | २ | - | |
| ५ | स्टाफ नर्स | पांचौं तह | ६ | ६ | - | |
| ६ | हेल्थ असिस्टेण्ट | पांचौं तह | ६ | ६ | - | |
| ७ | फार्मेसी सुपरभाईजर | पांचौं तह | १ | - | १ | |
| ८ | रेडियोग्राफर | पांचौं तह | १ | - | १ | |
| ९ | ल्याव टेक्निसियन/असिस्टेण्ट | पांचौं तह | २ | १ | १ | |
| १० | एनेस्थेसिया असिस्टेण्ट | पांचौं तह | १ | - | १ | |
| ११ | कार्यालय सहायक पाँचौ | प्रशासन (पांचौं तह) | १ | १ | - | |
| १२ | हलुका सवारी चालक | श्रेणिविहिन | २ | - | २ | |
| १३ | सुरक्षा गार्ड | ,, | ४ | - | ४ | |
| १४ | कार्यालय सहयोगी | ,, | ६ | - | ६ | |

(ट) वडा नं. २७ मा स्थापना भई स्चालन हुने कोभिड Isolation अस्पतालको लागि भेन्टीलेटरको व्यवस्था गर्न महानगरले वजेट खर्च म्याचिङ्ग गरेमा लायन्स क्लव इन्टरनेशनल ३२५ बि (क) ले ३२ लाख सहयोग गर्ने भन्ने जानकारी प्राप्त भएकाले आवश्यकता अनुसारको Matching Fund महानगरले व्यवस्था गर्ने ।

(ठ) उल्लेखित कोभिड Isolation अस्पतालमा PCR Test गर्ने Machine जडानको लागि अन्य संघ संस्था संग समन्वय गर्ने र आवश्यकता अनुसार Matching fund को व्यवस्था गर्ने, साथै आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने कार्य अगाडी बढाउने ।

निर्णय नं. ९

पोखरा महानगरपालिका भित्रका जग्गाको मालपोत रजिष्ट्रेसनको लागि आ.व. ०७८/७९ को न्यूनतम मुल्य निर्धारण गर्न वडा समितिको सिफारिसलाई आधार लिन वडाबाट समयमै आ-आफ्नो सिफारिस समयमै महानगरपालिकामा पठाउन पत्राचार गर्ने ।

निर्णय नं. १०

वडा नं.१८ मा हाल रहेको स्वास्थ्य चौकी सराङकोटमा रहेको र अहिले ठुलो बस्ती तल फेवाताल किनार आसपासको क्षेत्रमा भएको हुंदा त्यस क्षेत्रका बासीन्दाले स्वास्थ्य सेवा प्राप्त गर्न नसकेको हूंदा तल्लो भेगका बासीन्दाको पायक पर्ने गरी शहरी स्वास्थ्य केन्द्र स्थापना तथा संचालन गर्ने यसको लागि हे.अ. १, अ.न.मी १ र का.स.१ को दरवन्दी स्वीकृत गर्ने ।

निर्णय नं. ११

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले पोखरामा पर्यटन तालिम केन्द्रको भवन बनाउन जग्गा उपलब्ध गराउन अनुरोध भई आएकोमा उक्त प्रयोजनको लागि वडा नं. २८ मा २०० रोपनी जग्गा खोजी तथा उपलब्ध गर्ने कार्यको सहजीकरणको जिम्मेवारी वडा नं २८ निवासी श्री बोधराज त्रिपाठीलाई दिने र वडा समितिलाई आवश्यक सहयोग गर्न आग्रह गर्ने ।

निर्णय नं. १२

पोखरा महानगरपालिका वडा नं. ५ को हालको कार्यालय भवन अत्यन्त साघुरो र जीर्ण भएकाले नयाँ कार्यालय भवन पोखरा महानगर वडा नं. ५ को कृषि सेवा केन्द्रको अन्दाजी ३ रोपनी जग्गामा बनाउन आवश्यक प्रकृया अघि बढाउने । सो भवन कृषि सेवा केन्द्र र वडा कार्यालयले संयुक्त रुपमा प्रयोग गर्न सक्ने गरि डिजाईन गर्ने ।

निर्णय नं.१३

पोखरा महानगरपालिकाको नगर कार्यपालिका बैठकबाट लेखनाथ क्षेत्रका तालहरुको मापदण्ड सम्बन्धमा अध्ययन गर्न गठित समितिको संयोजक डा. श्री सोमनाथ सापकोले समिति तर्फबाट तैयार भएको प्रतिवेदन हस्तान्तरण गर्नु भएकाले उहांलाई धन्यबाद ज्ञापन गर्ने साथै उक्त प्रतिबेदन अध्ययन गरी नगर सभामा पेश गर्ने ।

निर्णय नं.१४

यस महानगरपालिकाको वडा नं. २७ को कार्यालय (साविक लेखनाथ नगरपालिकाको कार्यालय भवन) भवनलाई कोभिड संक्रमितहरुको उपचार गर्न तत्काल अस्पतालको रुपमा विकास गर्ने भएकाले वडा नं. २७ को कार्यालयको

लागि नयाँ भवन बनाउन आवश्यक भएको हुँदा वडा नं. २७ मा रहेको घरेलु कार्यालयको हाता भित्रको ५ रोपनी जग्गा उपलब्ध गराउन पहल गर्ने र जग्गा उपलब्ध भए पश्चात् निर्माणको प्रक्रिया अगाडी बढाउने । वडा स्थान्तरण गर्न तत्कालै कानूनी प्रकृया आरम्भ गर्ने ।

निर्णय नं.१५

पोखरा महानगरपालिकाले सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत निर्माण गरिने आयोजनाहरुको आर्थिक र प्राविधिक र भौतिक प्रस्तावहरु अध्ययन मुल्याङ्कनको लागि आमन्त्रण गरिएका विज्ञहरुलाई उहाँहरुको विज्ञता र दक्षता तथा यस कार्यालयलाई दिएको समयलाई आधार मानी पारिश्रमिक उपलब्ध गराउने ।

अनुसूचि – १

क) संस्थागत विकास तथा सेवा प्रवाह समिति :- संयोजक श्री जगत बहादुर पहारी

| | |
|---|---|
| श्री खगराज आचार्य | संदस्य |
| श्री राम बहादुर कार्की | सदस्य |
| श्री शारदा पराजुली | सदस्य |
| श्री चेत बहादुर गुरुङ्ग | सदस्य |
| श्री राम चन्द्र बराल | सदस्य |
| श्री निर्मल दियाली | सदस्य |
| श्री पुष्पा घले पहारी | सदस्य |

(ख) वातावरण तथा विपद् व्यवस्थापन समिति :- संयोजक श्री शिव प्रसाद आचार्य

| | |
|---|---|
| श्री तिर्थराज अधिकारी | सदस्य |
| श्री अक्कल बहादुर कार्की | सदस्य |
| श्री रामेश्वर मल्ल | सदस्य |
| श्री नारायण प्रसाद बराल | सदस्य |
| श्री सिम बहादुर गुरुङ्ग | सदस्य |
| श्री शोभाकर तिमिल्सीना | सदस्य |
| श्री मनबुजा विश्वकर्मा | सदस्य |
| श्री बुधराज भुजेल | सदस्य |
| श्री प्रकाश पौडेल | सदस्य |

(ग) पूर्वाधार विकास समिति :- संयोजक श्री ओम प्रसाद सुवेदी

| | |
|---|---|
| श्री धन बहादुर नेपाली | सदस्य |
| श्री लेख बहादुर तामाङ्ग | सदस्य |
| श्री मित्रलाल बराल | सदस्य |
| श्री राज कुमार गुरुङ्ग | सदस्य |
| श्री मोहन वास्तोला | सदस्य |
| श्री कमल बहादुर थापा | सदस्य |
| श्री राधिका शाही योगी | सदस्य |

(घ) सामाजिक विकास समिति :- संयोजक श्री शंकर प्रसाद वास्तोला

| | |
|---|---|
| श्री रण बहादुर थापा | सदस्य |
| श्री रविन्सन प्रजु | सदस्य |
| श्री जीवन आचार्य | सदस्य |
| श्री प्रेम कार्की | सदस्य |
| श्री यशोदा भट्टराई | सदस्य |

(ङ) आर्थिक विकास समिति :- संयोजक श्री ओम गौचन

| | |
|---|---|
| श्री शोभामोहन पौडेल | सदस्य |
| श्री रुद्रनाथ बराल | सदस्य |
| श्री पुर्ण कुमार गुरुङ्ग | सदस्य |
| श्री सन्तु सुवेदी | सदस्य |
| श्री चतुरे विश्वकर्मा | सदस्य |
| श्री श्रीराम पोखेल | सदस्य |
| श्री विष्णु प्रसाद पराजुली | सदस्य |

का.पा. निर्णयको – अनुसूची – २

पोखरा महानगरपालिका तथा फेवा सिल्टेशन प्रा.लि. का बीचमा सम्पन्न बार्ताको

## माइन्यूट

**पृष्ठभमी :**

पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी समितिको सूचना नं.३/सानिसा/०७६-०७७ मिति २०७६-०७-०७ मा प्रकाशित सार्वजनिक सूचना वमोजिम फेवातालको चारवटा स्रोत नदी हर्पन खोला, अंधेरी (खहरे खोला), वेतिनी खोला र लौरुक खोलामा पोखरा महानगरपालिका तथा गण्डकी प्रदेश सरकारको संयुक्त लगानीमा निर्माण गरिएको ड्यामको मर्मत संभार गर्ने तथा उक्त ड्याममा संकलन हुने निर्माण सामाग्री प्रशोधन गर्ने विषयको सार्वजनिक सूचनामा प्रस्ताव पेश गर्ने श्री फेवा सिल्टेशन प्रा.लि.ले पेश गरेको प्रस्तावको विषयमा पोखरा महानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७।१२।२७ गतेको बैठकको निर्णयानुसार सार्वजनिक निजी साझेदारी समितिले वार्ता समिति मार्फत संझौता वार्ता गरी संझौताको प्रकृया अगाडि वढाउन जिम्मेवारी प्रदान गरेको पृष्ठभूमीमा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी समितिको २०७७।१२।३१ गतेको बैठकले गठन गरेको वार्ता समिति र उक्त प्रा.लि.को तर्फबाट मिति २०७८/०१/०५ को पत्रानुसार गठन गरेको वार्ता समितिको बीचमा मिति २०७८।१।२४ मा सम्पन्न भएको संझौता बार्तामा संझौताको मस्यौदाको विषयमा समझदारी कायम गरी यो मान्यूट गरिएको ।

**संझौता वार्ताका विषयहरु**

१) पोखरा महानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७।१२।२७ को निर्णयमा प्रस्तुत आयोजनाको विषयमा वार्ता गर्नको लागि प्रदान गरिएको मार्गदर्शनका बुँदाहरु ।

२) प्रस्तुत आयोजनाको खरिद सम्बन्धी कागजातमा वार्ता हुन सक्ने भनी एकीन गरिएका विषयहरु ।

३) फेवा सिल्टेशन प्रा.लि.ले वार्ताको क्रममा समेट्नु पर्ने भनी मिति २०७८/०१/०५ को पत्र साथ माग गरेका विषयहरु ।

**संझौता वार्ताको पृष्ठभूमी**

१) पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी समितिले संझौताको मस्यौदा पेश गरेको, सो मस्यौदा फेवा सिल्टेशन प्रा.लि.लाई पनि अध्ययनको लागि उपलब्ध गराइको र सोही मस्यौदामा आधारित रही वार्ता अगाडि वढाइएको ।

२) संझौताको मस्यौदामा दुवै पक्षहरु सहमत भएका विषयहरु यो माइन्यूटमा समावेश गरिएको छैन । उक्त विषयहरुमा दुवै पक्षहरु सहमत भएको मानिने छ ।

३) गण्डकी प्रदेश सरकारको सहयोगमा तयार भएको संभाव्यता अध्ययनको प्रतिवेदन दुवै पक्षले अध्ययन गरी, आ आफ्नो तर्फबाट अस्पष्ट भएका विषयहरु एक अर्काको समक्ष पेश गर्ने कार्य सम्पन्न भएको र सो प्रतिवेदनमा केही प्राविधिक र आर्थिक विश्लेषणका क्षेत्रमा सामान्य त्रुटिहरु रहेको कुरामा दुवै पक्ष सहमत भएको ।

**सहमति कायम गरिएका विषयहरु**

१) आयोजनाको निर्माण अवधि ५ बर्ष कायम गर्ने ।

२) संझौता भएको ४ महिना भित्र फेवा सिल्टेशन प्रा.लि. ले आयोजना मर्मत संभारको विस्तृत इन्जिनियरिङ डिजाइन पेश गर्नेछ र उक्त डिजाइन सानिसा समितिले आवश्यकता अनुसार प्राविधिक विशेषज्ञहरुको राय लिई १(एक) महिना भित्र स्वीकृत गर्नुपर्नेछ ।

३) नयाँ डिजाइन अनुसारको लागत अनुमान आर्थिक बर्ष ०७७।७८ को दररेटमा नै तयार गर्नुपर्ने र सो लागत अनुमानमा हाल प्रस्तावित लागत अनुमान (३६ करोड ८० लाख) को १५ प्रतिशत भन्दा कम वा वढि लागत कायम हुन आएमा पुनः एकपटक वार्ता गरी रोयल्टी रकमका सम्बन्धमा थप निर्यण लिइनेछ ।

४) आयोजनाको संझौताको मितिबाट २ बर्ष सम्मको अवधिको लागि कवोल गरेको रोयल्टी रकममा ५० प्रतिशत छुट दिने ।

५) प्रस्तावित पहिलो बर्षको रोयल्टी रु २,६०,२१,२५०।०० (दुई करोड साठी लाख एककाई मात्र) लाई मु.अ.कर वाहेकको रोयल्टी मान्ने । प्रचलित कानुन वमोजिम सो रोयल्टीमा लाग्ने मु.अ.कर तिर्ने दायित्व फेवा सिल्टेशन प्रा.लि.को हुनेछ । हाल प्रचलित करहरु वाहेक, भविष्यमा तीनै तहका सरकारहरुले कुनै नयाँ कर लागू गरी आयोजनालाई असर गर्ने देखिएमा दुवै पक्षको सहमति अनुसार हुनेछ ।

६) फेवा सिल्टेशन प्रा.लि.ले सामाग्री प्रशोधनको लागि माग गरेको विषयमा नगर कार्यपालिकाको ०७७।१२।२७ को निर्णयानुसार महानगरपालिकालाई प्राप्त अधिकारको अधिनमा रहि प्रशोधनको स्वीकृति ( हालको लागि वालुवा प्रशोधनको अनुमति) प्रदान गर्ने । भविष्यमा क्रसर सम्बन्धी मापदण्ड परिमार्जन भएमा, महानगरपालिकाले उक्त अनुमति प्रदान गर्ने अधिकार प्राप्त गरेमा वा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनले संभव देखाएमा स्वीकृति वा सम्बन्धित निकायमा सिफारिश दिनेछ ।

७) संझौताको पहिलो बर्षको लागि कायम गरिएको रोयल्टी रु २,६०,२१,२५०।०० लाई समय सापेक्ष बृद्धि गरीनेछ । यस प्रयोजनको लागि निर्माण अवधि अर्थात ५ बर्ष पछि लागू हुने गरी बार्षिक ३(तिन) प्रतिशत बृद्धिदर कायम गरिनेछ । फेवा सिल्टेशन प्रा.लि.ले भुक्तानी गर्ने सालवसाली रोयल्टीको तालीका अनुसूची १ मा समावेश गरिए अनुसार हुनेछ ।

८) प्रशोधनबाट निर्माण कार्यमा प्रयोग गर्न नसकिने सामाग्री (Dumping Material) को अन्तिम विसर्जन गर्दा फेवा तालमा वा तालको स्रोतनदीमा पुनः वगेर जाने वा जान सक्ने गरी विसर्जन गर्न पाइने छैन । उक्त कुराको सुनिश्चितता फेवा सिल्टेशन प्रा.लि. ले गर्नु पर्नेछ ।

९) रोयल्टी रकम बार्षिक ४ (चार) किस्तामा भुक्तानी गर्ने प्रवन्ध गरिनेछ । (विस्तृत अनुसूची १ मा रहेको)

१०) क्षतिपूर्ति निर्धारण गर्दा फेवा सिल्टेशन प्रा.लि.ले गरेको लगानीको २(दूई) गुणा सम्म भुक्तानी गर्नु पर्ने गरी शर्त कायम राख्ने ।

११) आयोजनाको सम्पूर्ण अवधिको सम्पूर्ण संरचनाको विमा गर्नु पर्ने शर्त समावेश गर्ने । आयोजना हस्तान्तरणको क्रममा आयोजनाको हालको अवस्था नबिग्रने गरी हस्तान्तरण गर्नुपर्ने तथा सो प्रयोजनको

लागि मर्मत संभारको वैंक जमानत लिने दिने प्रावधान समावेश गर्ने । यस्तो बैंक जमानत २१ औं र २२ औं बर्षको रोयल्टीको औषतको ५० प्रतिशत रकम भन्दा कम नहुन गरी कायम गरिनेछ ।

१२) लगानीको सुनिश्चितताको लागि आयोजनाको निर्माण अवधि र कुल लगानीको हिसाव गरी ५ बर्ष अवधिको लागि रु ८ (आठ) करोडको बैंक जमानत पेश गर्नु पर्ने । संझौताको क्रममा २५ महिना अवधि भएको जमानत पेश गर्नु पर्ने र सो जमानत पुनः प्रत्येक वर्ष निर्माण कार्य सम्पन्न नभएसम्मका लागी नविकरण गर्नुपर्नेछ । यस सहमति वमोजिमको कार्यतालीकाको उल्लंघन भएमा महानगरपालिकाले बैंक जमानत जफत गर्न सक्नेछ ।

१३) संझौता कार्यान्वयन कार्यतालीका अनुसूची २ मा समावेश गरिएको अनुसार हुनेछ ।

१४) संझौताको मितिबाट नै संरचना फेवा सिल्टेशन प्रा.लि.को जिम्मामा गएको मानी तत्कालै उक्त संरचनाहरुको रेखदेख तथा अस्थायी तथा स्थायी मर्मत गर्नुपर्ने । खहरे खोलाले आफ्नो धार परिर्वतन गरी स्थानीयवासीहरुको कृषि योग्य जमीन नाश गरेको क्षेत्रमा संझौताको ३ महिना भित्र Wing Wall निर्मण सम्पन्न गर्नु पर्नेछ ।

१५) सामाग्री राख्ने तथा प्रशोधन गर्ने प्रयोजनको लागि जमीनको खोजी तथा प्रस्ताव फेवा सिल्टेशन प्रा.लि.ले गर्नुपर्नेछ । जमीनको व्यवस्था गरी प्रारम्भिक वातावरणीय अध्ययन (IEE) स्वीकृत भएपछि नियमानुसार वालुवा प्रशोधनको स्वीकृति प्रदान गरिनेछ ।

१७) आयोजना अवधि संझौता मितिले २४ बर्ष कायम गरिने छ ।

| **पोखरा महानगरपालिका वार्ता टोलीको तर्फबाट** | **फेवा सिल्टेसन प्रा.ली. वार्ता टोलीको तर्फबाट** |
|---|---|
| ...................................... | .............................. |
| श्री मन्जु देवि गुरुङ्ग | श्री पोषण बहादुर थापा, |
| वार्ता समिति संयोजक | अध्यक्ष |

| **रोहवर** | **रोहवर** |
|---|---|
| .................................. | ..................................... |
| श्री मान बहादुर जि.सी. | श्री शिब प्रसाद अधिकारी, |
| प्रमुख, पोखरा महानगरपालिका | फेवा सिल्टेसन प्रा.ली. |

२०७८ साल वैशाख २४ गते रोज ६ शुभम्

मास्यूरको अनुसूची

# अनुसूची २

## आयोजना कार्यान्वयनको कार्यतालीका

आयोजना कार्यान्वयनको कार्यतालीका निम्न वमोजिम हुनेछ ।

| सि.नं. | कृयाकलापहरु | संझौताको मितिले ३ महिना | संझौताको मितिले २ बर्ष | संझौताको मितिले ४ बर्ष | संझौताको मितिले ५ बर्ष |
|---|---|---|---|---|---|
| १. | संरचनाहरु जिम्मा लिने, आवश्यकता अनुसार विमा गर्ने, खहरे खोलाको ड्याम संगै Wing Wall लगाउने, र ४ वटै ड्याम तथा संरचनाहरुको सामान्य मर्मत र संरक्षण गर्ने | → | | | |
| २. | हर्पन खोला तथा खहरे खोलाको ड्यामको मर्मत संभार गर्ने | ⟶ | → | | |
| ३. | लौरुक र वेतिनी खोलाको ड्यामको मर्मत संभार गर्ने | ⟶ | ⟶ | → | |
| ४. | चारैवटा ड्यामको तल्लो र माथिल्लो क्षेत्रमा ड्याम संरक्षणको लागि आवश्यक सम्पूर्ण संरचनाहरुको निर्माण र मर्मत सम्पन्न गर्ने | ⟶ | ⟶ | ⟶ | → |
| ५. | आयोजनाको व्यवसायिक पक्षमा गर्नु पर्ने कृयाकलापहरु | फेवा सिल्टेशन प्रा.लि.ले आफै कार्ययोजना वनाई संचालन गर्न सक्ने | | | |

माइन्युटको अनुसूची

अनुसूची १

**रोयल्टी भुक्तानीको तालीका**

रोयल्टीको सालवसाली तालीका यस प्रकार रहेको छ ।

| सिं.नं. | बर्ष | रोयल्टी रकम(रु) | भूक्तानी तालीका | कैफियत |
|---|---|---|---|---|
| 1 | 1 | 13010625 | संभौता पुर्व | |
| 2 | 2 | 13010625 | दूई किस्तामा अग्रीम | |
| 3 | 3 | 26021250 | चार किस्तामा अग्रीम | |
| 4 | 4 | 26021250 | चार किस्तामा अग्रीम | |
| 5 | 5 | 26021250 | चार किस्तामा अग्रीम | |
| 6 | 6 | 26801888 | चार किस्तामा अग्रीम | |
| 7 | 7 | 27605944 | चार किस्तामा अग्रीम | |
| 8 | 8 | 28434122 | चार किस्तामा अग्रीम | |
| 9 | 9 | 29287146 | चार किस्तामा अग्रीम | |
| 10 | 10 | 30165761 | चार किस्तामा अग्रीम | |
| 11 | 11 | 31070733 | चार किस्तामा अग्रीम | |
| 12 | 12 | 32002855 | चार किस्तामा अग्रीम | |
| 13 | 13 | 32962941 | चार किस्तामा अग्रीम | |
| 14 | 14 | 33951829 | चार किस्तामा अग्रीम | |
| 15 | 15 | 34970384 | चार किस्तामा अग्रीम | |
| 16 | 16 | 36019496 | चार किस्तामा अग्रीम | |
| 17 | 17 | 37100080 | चार किस्तामा अग्रीम | |
| 18 | 18 | 38213083 | चार किस्तामा अग्रीम | |
| 19 | 19 | 39359475 | चार किस्तामा अग्रीम | |
| 20 | 20 | 40540260 | चार किस्तामा अग्रीम | |
| 21 | 21 | 41756467 | चार किस्तामा अग्रीम | |
| 22 | 22 | 43009161 | चार किस्तामा अग्रीम | |
| 23 | 23 | 44299436 | चार किस्तामा अग्रीम | |
| 24 | 24 | 45628419 | चार किस्तामा अग्रीम | |

(अनुसुचि-३)

# पोखरा महानगरपालिकामा कोरोना भाईरस(कोभिड-१९)संक्रमितहरुको व्यवस्थापन र उपचारका लागी आईसोलेसन वार्ड / उपचार केन्द्र संचालन कार्यविधि-२०७७

**प्रस्तावना:** कोरोना भाइरस(कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धि कार्यलाई व्यवस्थित गर्न एवं संक्रमितहरुको व्यवस्थापन र उपचार गर्न एवं संक्रमितहरुको सघन उपचार गर्नुपर्ने अवस्थामा त्यस्ता अस्पतालसम्म संक्रमित बिरामीहरुलाई समयमै प्रेषण गरी निजहरुको जिउज्यानको रक्षा गर्ने महानगरपालिकाको नागरिक प्रतिको दायित्व भएकोले कोभिड-१९ को महामारीमा आईसोलेसन स्थापना र संचालन गर्न वान्छनीय भएकोले पोखरा महानगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "शिशुवा अस्पतालमा कोरोना भाईरस (कोभिड-१९)संक्रमितहरुको व्यवस्थापन र उपचारका लागी आईसोलेसन वार्ड संचालन कार्यविधि-२०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कोभिड-१९"भन्नाले SARS-COV-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(ख) " प्रयोगशाला" भन्नाले कोभिड-१९ को परिक्षण हुने प्रयोगशाला सम्झनु पर्छ।

(ग) "जोखिम भत्ता" भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण रउपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्तिवा सो कार्यमा प्रत्यक्ष सहयोग पुर्याउने प्रशासनिक/प्राविधिक कर्मचारी साथै सो शब्दले महाशाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तोकेबमोजिमका अन्य कर्मचारी र स्वयंसेवक समेतलाई यो कार्यविधि बमोजिम प्रदान गरिने भत्ता सम्झनु पर्छ।

(घ) " महानगरपालिका" भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्छ।

(ङ) "महाशाखा" भन्नाले पोखरा महानगरपालिका, स्वास्थ्य महाशाखा सम्झनु पर्छ।

(च) "आईसोलेसन वार्ड" भन्नाले पोखरा महानगरपालिका अन्तर्गतका शिशुवा अस्पतालमा कोभिड-१९ संक्रमितहरुको व्यवस्थापन र उपचारको लागी संचालित आईसोलेसन वार्ड भन्ने सम्झनु पर्छ।

(छ) "जनशक्ति" भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न दफा ३ बमोजिमको स्थानको सोही कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्छ।

१. चिकित्सक

२. नर्स

३. पारामेडिक्स

४. जनस्वास्थ्यकर्मी

४. फार्मेसी/प्रयोगशालाकर्मी

५. ईमेजिङ्ग सेवा प्रदायक

६. एम्बुलेन्स चालक तथा सहायक

७. सुरक्षाकर्मी

८. सरसफाइमा संलग्न कर्मचारी

९. प्रशासनिक तथा अन्य कर्मचारी

१०. सवारी चालक र सहयोगी कर्मचारी

११. महाशाखा प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनि प्रमाणित गरेका कर्मचारी,

१२. कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण रउपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्ति वा सो कार्यमा प्रत्यक्ष सहयोग पुर्याउने प्रशासनिक/प्राविधिक कर्मचारी साथै सम्बन्धित महाशाखा/शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तोकेबमोजिमका अन्य कर्मचारी र स्वयंसेवक,

३. **आईसोलेसन वार्डः** शिशुवा अस्पतालको मातहतमा रहने गरी साविक लेखनाथ नगरपालिकाको भवनलाई आवश्यक भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्था गरी बढीमा १०० बेडको अक्सिजन सहितको कोभिड वार्ड संचालन गरिनेछ र आवश्यकता अनुसार अन्य स्थानमा आइसोलेसन वार्ड संचालन गर्न सकिने छ । उक्त वार्डका व्यवस्थापकीय नेतृत्वको लागि महानगरपालिकाले उपलब्ध स्वास्थ्यकर्मी मध्येबाट वरिष्ठ स्वास्थ्यकर्मीलाई कोभिड वार्ड प्रमुखको रुपमा तोक्नेछ । यस वार्डको प्रशासन र आर्थिक कारोवार शिशुवा अस्पतालले नै हेर्नेछ ।

४. **जनशक्तिको व्यवस्थाः** (क) उक्त आईसोलेसन वार्डमा आवश्यकता अनुसारको जनशक्तिको व्यवस्था गरी संचालन गरिनेछ।

(ख) उपदफा (क) मा उल्लेखित कर्मचारिहरुमध्ये महानगरपालिकाका स्वास्थ्य संस्थाहरुमा हाल कार्यरत कर्मचारीहरुबाटै कामकाज लगाइने छ । महानगरपालिकामा मौजुदा जनशक्ति नपुग भएमा सेवा करार वा स्वयसेवकको रुपमा नियुक्ति गरी काममा लगाइनेछ ।

**५. तलब भत्ताः** पोखरा महानगरपालिकामा कार्यरत कर्मचारीका हकमा साविक बमोजिमकै तलब भत्ता र करारमा नियुक्ति हुने कर्मचारीहरुको तलव भत्ता तोकिएको पद/तहको सुरु तलब स्केल बराबर हुनेछ । पोखरा महानगरपालिकामा हाल कार्यरत स्थायी कर्मचारीहरुलाई आईसोलेसन उपचार केन्द्र/वार्डमा खटाउंदा हाल कार्यरत तहको योग्यता भन्दा माथिल्लो तहको योग्यता प्राप्त गरेको भएमा एक तह माथिको सेवा सुबिधा उपलब्ध गराइने छ ।

**६. जोखिम भत्ता प्राप्त गर्नेः** आईसोलेसन वार्डमा खटिएका जनशक्तिलाई खटिएको अवधिमा निजहरुको तलब स्केलको सतप्रतिशत जोखिम भत्ता उपलब्ध गराइने छ साथै आवासीय रुपमा संक्रमितको उपचारको लागी आईसोलेसनमा चौबिसै घण्टा खटिएका जनशक्तिलाई खटिएको अवधिको लागी खाना खाजा वापतको न्युनतम रकम वा खाना खाजा उपलब्ध गराइने छ ।

**७. जोखिम भत्ता व्यवस्थापनः** कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता वापतको रकमको व्यवस्थापन गर्दा महानगरपालिकालाई नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान, महानगरपालिकाको आन्तरिक श्रोतको रकमबाट उपलब्ध गराउनु पर्नेछ ।

**८. क्वारेन्टाईनको व्यवस्थाः** आईसोलेसन वार्डमा कम्तिमा १५ दिन काम गरी घर जानु अघि उक्त वार्डमा खटिएका स्वास्थ्यकर्मी र कर्मचारीले अनिवार्य रुपमा क्वारेन्टाईनमा बसी कम्तिमा पांच दिन बस्ने र सो पश्चात निजहरुको पि सी आर नतिजा नेगेटिभ आएपछी घर जाने व्यवस्था मिलाइने छ तर होम क्वारेन्टाईनको व्यवस्था नभएका स्वास्थ्य कर्मीहरुलाई संस्थागत क्वारेन्टाईनको व्यवस्था गरिने छ ।

**९.साझेदारी गर्न वा सहयोग लिन सकिने** : कोभिड वार्ड संचालनको लागि महानगरपालिका तथा अस्पताल व्यवस्थापनले अन्य संघ संस्था संग आवश्यक सहयोग माग गर्न सक्नेछ ।

**१०. महानगरपालिकाले आवश्यक व्यवस्था गर्नेः** यस निर्देशिकाको कार्यन्वयन गर्दा कुनै बाधा अड्काउ परेमा महानगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।